# सामुदायिक वनबाट गरिब जनताहरूले अझ बढी फाइदा पाउन किन नसकेका हुन् ?

■ यम मल्ल, हरिराज न्यौपाने, पिटर जे ब्रानी

## परिचय

श्री ५ को सरकारले वि.सं. २०३०/४० को दशकदेखि राष्ट्रिय वनको व्यवस्थापन गर्ने उत्तरदायित्व वन विभागबाट वन उपभोक्ता समूहलाई सार्ने नीति बनाएको छ । उत्तरदायित्व हस्तान्तरणबाट वनको राम्रो संरक्षण भई वनको हैसियतमा राम्रो भएको भएपनि यसको पूर्ण उपयोग हुन सकेको छैन । यसको अर्थ वन पैदावारमा भएको चाप कुनै अर्को वन क्षेत्रमा पर्न गएको हुनु पर्दछ । सामुदायिक वन (सा.व.) बाट वन पैदावार उपलब्ध भएपनि गरिबहरूबाट धेरै माग भएका पैदावार नहुन सक्छन् वा त्यसको वितरण न्यायोचित नहुन सक्छ । यस लेखमा सा.व. बाट प्राप्त हुने फाइदाहरूको वितरण स्थितिलाई विश्लेषण गर्ने जमर्को गरिएको छ ।

## अध्ययन विधि

पर्वत जिल्लाका दुई ओटा र म्याग्दी जिल्लाका दुई ओटा वन उपभोक्ता समूहहरूमा सामाजिक तथा आर्थिक सर्वेक्षण गरिएको थियो । सर्वेक्षणमा सामाजिक तथा आर्थिक अवस्था, वन पैदावारको उपयोग स्थिति, उपभोक्ता समूहको क्रियाकलापहरू सम्बन्धी जानकारी तथा त्यसमा उनीहरूको सहभागिता र सा.व. नीति सम्बन्धी जानकारीहरूबारे सङ्कलन गरिएको थियो । उपभोक्ता समूहमा उपभोक्ताहरूको सम्पन्नता स्तरीकरण उनीहरूले बनाएका आधार अनुसार गरिएको थियो । सम्पन्नतास्तरलाई ४ तह अर्थात १२ महिना खान पुग्नेलाई पहिलो, ९ महिना खान पुग्नेलाई दोस्रो, ६ महिनासम्म खान पुग्नेलाई तेस्रो र १२ महिना ज्याला मजदुरी गरी जीविका चलाउनु पर्नेलाई चौथो गरेर छुट्याइएको थियो । यस हिसाबले क्रमशः उच्चस्तरमा १८.४%, २९%, २५.१% र निम्नस्तरमा २७.५% घरधुरीहरू रहेको पाइएको थियो । विस्तृत अन्तर्वार्ताको लागि प्रत्येक स्तरबाट केही उपभोक्ताहरू छानिएका थिए र कुल ३२% उपभोक्ताहरूको अन्तर्वार्ता लिइएको थियो ।

## अध्ययनको नतिजा

उपभोक्ताहरूसँग तीन प्रकारका जग्गाहरू थिए-खेत, बारी र खरबारी । औसत एक परिवारसँग ०.६८ हेक्टर जग्गा थियो । जहाँ उच्चस्तरका उपभोक्ताहरूको औसत जग्गा १.२२ हेक्टर थियो भने निम्नस्तरका उपभोक्तासँग सरदर ०.२८ हेक्टर पाइयो । त्यसमा पनि निम्न स्तरका उपभोक्ताहरूको भन्दा उच्चस्तरका उपभोक्ताहरूको जग्गाको गुणस्तर (मलिलो, कुलो लाग्ने) राम्रो खालको देखिएको थियो । यसैगरी पहिलो स्तरका उपभोक्ताहरूमा सरदर ४.९ ओटा पशु थिए भने निम्नस्तरका उपभोक्ताहरूसँग ३ ओटा मात्र थिए । धनीहरूले गरिबहरूले भन्दा धेरै भैंसी र गोरु पालेका थिए भने गरिबहरूले बढी बाखा पालेका भेटिए ।

## निजी वन र रोजगार

सामुदायिक तथा राष्ट्रिय वनमा डालेघाँस, दाउरा र काठ बन्देज गरिंदा निजी जग्गामा रुखहरूको संख्या बढन गएको छ । निजी जग्गामा लगाइएको रुखहरूबाट घरेलु आवश्यकताको एउटा ठूलो हिस्सा पूर्तिभएको छ । धनी उपभोक्ताहरूको जग्गामा बढी रुखहरू छन्, तर गरिबहरूको जग्गामा

रुखहरूको घनत्व बढी भएको पाइयो । उपभोक्ताहरूको कुल आम्दानी मध्ये झण्डै ३२% गैह्र कृषि क्षेत्रबाट आएको थियो । धेरै आम्दानी हुनेहरू र सुरक्षित जागिरमा धनीहरू छन् भने गरिबहरू मुख्यतः ज्यालादारी काम गर्दछन् । निम्नस्तरका उपभोक्ताहरूमा कुनै पनि सरकारी वा गैह्र सरकारी सेवामा कार्यरत भएको पाइएन ।

## वनपैदावारको उपयोग

दाउराको प्रयोगमा विभिन्न सम्पत्तिस्तरका उपभोक्ताहरूमा कुनै उल्लेख्य फरक देखिएन । धनी मानिसहरूले बढी मात्रामा दाउरा आफ्नै निजी खेतवारीबाट ल्याई प्रयोग गरेको पाइयो । दाउराको कुल आवश्यकता निजी वा सामुदायिक वनबाट मात्र पूर्ति हुन सकेको छैन । विशेष गरेर गरिबहरू नजिकैको राष्ट्रिय वनमा निर्भर रहनुपरेको छ । जस्तैः कुल खपत मध्ये गरिब उपभोक्ताले २०% दाउरा राष्ट्रिय वनबाट ल्याउनु पर्दछ जुन प्रतिशत धनीको भन्दा दुई गुना बढी छ । धनी वर्गले सा.व.बाट बढी काठ लग्ने गरेको पाइयो । धनी परिवारहरूले गरिबहरूले भन्दा झण्डै ६०% बढी घाँस प्रयोग गर्ने गरेको पाइयो । धनीहरूले आफ्नै निजी स्रोतबाट बढी घाँस ल्याएको देखियो भने गरिबहरूले बढीरुपमा सरकारी वा सा.व.मा निर्भर रहेको पाइयो । 'सोतर' को उपयोगमा पनि गरिबहरूले सा.व.बाट धनीहरूले भन्दा ५०% कम ल्याउने गर्दछन् । काठको प्रयोगमा उपभोक्ता समूहमा धनीहरू अगाडि रहेका भेटियो । प्राप्त तथ्याङ्कको विश्लेषणबाट के भेटियो भने उपभोक्ताहरूको कुल वनपैदावारको आवश्यकताको धेरै कम मात्रमा सा.व.बाट पूर्ति भैरहेको छ ।

## उपभोक्ता समूह तथा उपभोक्ता समितिको संरचना

अति गरिब बाहेक माथिल्ला सबै सम्पत्तिस्तरमा बाहुन/क्षेत्रीको बाहुल्यता थियो । कुल उपभोक्ताहरू मध्ये ७१% बाहुन/क्षेत्री रहेको पाइयो । उपभोक्ता समितिहरूमा पनि यो वर्गको प्रतिनिधित्व कुलमा ७४% रहेको पाइयो । उपभोक्ता समितिमा गरिबहरूको सहभागिता ९% मात्र रहेको छ, जबकी यसको जनसंख्या २७.५% छ । उपभोक्ताहरूमा सा.व.को अवधारणा सम्बन्धी जानकारी न्यून रहेको पाइयो । कार्यक्रम सुरु भएको ५ वर्ष पछि पनि उपभोक्ताहरूले सा.व. कार्यक्रमको उद्देश्येबारे धेरै उपभोक्ताहरूलाई थाहा नभएको पाइयो । साधारण सभा तथा उपभोक्ता समितिका निर्णयहरू पनि ५०% भन्दा कम मात्र उपभोक्ताहरूलाई थाहा भएको पाइयो ।

## छलफल

अध्ययनबाट उपभोक्ता समूहहरू सम्पत्तिस्तरमा असमान रहेको र उनीहरूको वन पैदावार खपत गर्ने क्षमता तथा स्थिति पनि फरक रहेको पाइयो । यसका साथै तिनमा वन पैदावारको आवश्यकता तथा आपूर्तिको स्रोत फरक-फरक रहेको पाइयो । हाल समूहमा प्रचलित वन पैदावार वितरण तरिकाबाट धनी व्यक्तिहरू बढी लाभान्वित भएका छन् । उपभोक्ताहरूको कुल आवश्यकताको थोरै हिस्सामात्रै सा.व. बाट आपूर्ती हुन सकेको छ । धेरै हिस्सा निजी जग्गा तथा बाहिरी स्रोतबाट आपूर्ति गर्नु परेको छ । बाह्य स्रोतमा धनीहरूकै पहुँच बढी हुने भएकोले यसबाट पनि उनीहरू नै बढी लाभान्वित भएको देखिएको छ । उपभोक्ता समितिमा गरिबहरूको राम्रो प्रतिनिधित्व नभएबाट त्यहाँबाट हुने निर्णयहरूमा पनि धनीहरूको इच्छा अनुरुप हुने देखिन्छ । उदाहरणको लागि दाउरा सङ्कलन तथा अन्य वन पैदावार कटानको समय धनीहरूको फुर्सदको समयमा तोकिन्छ जुन समयमा गरिबहरू अन्य कार्यमा व्यस्त रहन सक्छन् जसले गर्दा वनपैदावारको उपयोग गर्न वञ्चित हुन सक्दछन् ।

उपभोक्ता समितिका सदस्यहरूले साधारण सभाबाट पारित निर्णय पनि उल्ट्याएका घटनाहरू भेटिएका छन् । वन पैदावारका बिक्री वितरण साधारणतया बढाबढबाट हुने गरेको र यसमा पनि धनीहरूले नै फाइदा पाएका छन् । जिल्ला वन कार्यालयका फिल्ड कर्मचारीहरूले उपभोक्ता समितिमा वन पैदावार उत्पादन तथा वितरण प्रक्रिया प्रति त्यति चासो राख्दैनन्, जसबाट वर्तमान पद्धतिलाई नै बल मिलेको छ । वन कर्मचारीहरू वन जोगाउनतिर मात्र चासो राख्दछन् नकि यसबाट कसले के फाइदा लियो भन्नेतिर । उपभोक्तामा सा.व. सम्बन्धी कम जानकारी रहेको छ । नयाँ जानकारी/सूचना प्रवाह गर्ने संयन्त्र पनि कमजोर छ । जिल्ला वन कार्यालयका कर्मचारीहरूलाई विभिन्न तालीमहरू आयोजना हुन्छन् । यसमा माथिल्ला स्तरका कर्मचारीले मात्र भाग लिन पाएका छन् । जिल्ला वन कार्यालयका कर्मचारीहरू र उपभोक्ता समितिको मूल्याङ्कन वनजङ्गलको संरक्षण भएको छ वा छैन भन्ने परिपाटीबाट हुने भएकाले पनि सा.व. को मौजुदा पद्धतिबाट वनको व्यवस्थापन पक्ष कमजोर भएको देखिन्छ । त्यसले गर्दा फिल्ड वन कर्मचारी वन पैदावारको उपयोग के कसरी गरिरहेका छन् भन्ने कुरा हेर्नु भन्दा पनि वनको संरक्षण के कस्तो र कसरी भएको छ भन्ने कुरामा कल्याण ठान्दछन् । अर्कोतर्फ धेरैजसो समिति सदस्यहरू धनी छन् र उनीहरूलाई सा.व. मा पूर्ण निर्भर रहनु नपर्ने हुँदा वन संरक्षण गरे मात्र आफ्नो दायित्व पूरा हुन्छ भन्ने ठान्दछन् । सा.व. को पूर्ण उपयोग हुन नसक्नुमा यो एक प्रमुख कारण हो ।

**निष्कर्ष**

सा.व.मा वर्तमान पद्धतिबाट धनीहरू नै बढी लाभान्वित भएका छन् । उपभोक्ता समितिमा पनि उनीहरूकै बाहुल्यता भएकाले उनीहरूबाट गरिबहरूलाई फाइदा पुग्ने गरी वर्तमान पद्धतिमा परिवर्तन गर्न चाँहदैनन् । तसर्थ यो समस्याको समाधानार्थ बाह्य सहयोगको आवश्यकता छ । यसको लागि निम्न लिखित कुराहरूमा बिचार पुऱ्याउनु उपयुक्त हुने देखिन्छ ।

- उपभोक्ता समूहको गठनको तुलनामा सा.व. हस्तान्तरण भैसकेपछिको सामाजिक प्रक्रियाहरू निरन्तर रुपमा अझबढी कठिन हुन्छ भन्ने बुझ्ने,
- समितिभन्दा बाहेक गरिब र उपेक्षित उपभोक्ताहरूसम्म कसरी पुग्ने भन्ने जोड दिने,
- वन पैदावारको न्यायसम्मत वितरणको लागि अरु बढी छलफल र क्रियाकलाप गर्ने,
- दिगो सा.व. को उपयोग उपभोक्ता समूहको उद्देश्य हुनुपर्ने नकि वन संरक्षण मात्र,
- सा.व. को उत्पादनशील व्यवस्थापनमा जोड दिने, र
- जिल्ला वन कायालयको कर्मचारीको सोचाइमा परिवर्तन गराउनमा र सूचना प्रबाहमा बढी जोड दिने आदि ।